# गौरीशंकर गाउँपालिकाको नवौं गाउँ सभामा प्रस्तुत
# नीति तथा कार्यक्रम- २०७८/७९

यस गाउँ सभाका अध्यक्ष महोदय,

गाउँ सभाका सदस्यज्यूहरु,

नेपालमा सङ्घीयता कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहबाट शासकीय प्रबन्ध लगायत सेवा प्रवाहको अभ्यास भैरहेको छ। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई कार्यकारिणी, विधायिकी र न्यायिक अधिकारको सम्बन्धमा दिशानिर्देश गरेको छ। स्थानीय तहले प्रत्येक बर्ष असार १० गते नीति तथा कार्यक्रम र बजेट पेश गर्ने व्यवस्था बमोजिम आज म कोरोना भाईरसको दोस्रो लहरको संक्रमणको बीच गौरीशंकर गाउँपालिकाको आ.ब. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

स्थानीय तहको निर्वाचनसँगै स्थानीय सरकारको सिकाइपूर्ण अभ्यासको पाँचौं बर्षसम्म आइपुग्दा हामीले निकै आरोह, अवरोह र चुनौती पार गरेका छौं। गाउँपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकास, विपद व्यवस्थापन, सुशासन, सदाचार प्रबर्द्धन तथा कुशलतम् सार्वजनिक सेवा प्रवाह गर्दै गाउँपालिकाबासीलाई स्थानीय सरकारको प्रत्याभूती दिलाउन गाउँपालिकाले हदैसम्म प्रयास गरिरहेको छ। यस अभियानमा प्रत्यक्ष परोक्ष रुपमा साथ दिनुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी साथीहरु लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

हामी निर्वाचित भएको चार बर्ष पूरा भएर पाँच बर्षमा प्रवेश गर्दै गर्दा यस अवधिमा प्राप्त सिकाई, अनुभव र नागरिकका ईच्छा, चाहनालाई सम्बोधन गर्न गाउँपालिका दृढ रुपमा प्रतिबद्ध छ। चार बर्षको अवधिमा सम्बोधन हुन नसकेका विषयहरुलाई सम्बोधन गर्नु आगामी आर्थिक बर्षको पहिलो जिम्मेवारी रहनेछ। हाम्रो चुनौतीपूर्ण चार वर्षको अवधिमा आ.ब. २०७६/७७ र २०७७/७८ मा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमण व्यहोर्नुपऱ्यो। कोरोना भाइरसका कारण सरकारले घोषणा गरेको लकडाउनका कारण विकास निर्माण र सेवा प्रवाहमा केही जटिलता सिर्जना भएपनि आवश्यक स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउदै विकास निर्माणका कामहरु सम्पन्न गर्ने प्रयासलाई जारी राखिएको छ। यस विषम र जटिल परिस्थितिकाबीच नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा कोरोना भाईरसका कारण जीवन गुमाउनुभएका सम्पूर्ण नेपालीहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै बिरामीहरुलाई

सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु । यसैगरी गौरीशंकर गाउँपालिकामा कोरोना रोकथाम र नियन्त्रणका लागि अहोरात्र खट्नुहुने स्वास्थ्यकर्मी, कर्मचारी, स्वास्थ्य स्वयंसेविका, सुरक्षाकर्मी, जनप्रतिनिधि लगायत सम्पूर्णमा यहाँहरुको कार्यको उच्च प्रशंसा गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस विषम परिस्थितिकाबीच पूर्वाधार विकास र सेवा प्रवाहमा खटिनुहुने सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई समेत विशेष धन्यबाद ज्ञापन गर्दछु ।

**अध्यक्ष महोदय,**

**अब म बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।**

**बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु**

१) नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु

२) नेपाल सरकारको विनियोजन अध्यादेश, २०७८ का प्राथमिकताहरु

३) नेपाल सरकारको आर्थिक बर्ष २०७८/७९ को बजेट बक्तव्य

४) बागमती प्रदेशको आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

५) नेपाल सरकारको आर्थिक अध्यादेश, २०७८

६) स्थानीय सरकार सञ्चालन ऐनका प्राबधानहरु

७) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

८) विगत बर्षहरुमा गाउँ सभा र कार्यपालिकाबाट पारित निर्णयहरु

९) सरोकारवालाहरुबाट प्राप्त राय सुझावहरु

१०) स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय, सल्लाह र सुझाबहरु

११) लेखापरीक्षण प्रतिवेदनले औंल्याएका सुझावहरु

१२) दिगो विकासका लक्ष्यहरु

१३) नेपालको १५ औं पञ्चबर्षीय योजना

१४) बागमती प्रदेशको पहिलो आवधिक योजना

**अध्यक्ष महोदय,**

**अब म आ.व.२०७८/७९ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) आर्थिक विकास**

**कृषि तथा पशुपंक्षी तर्फ**

१. स्थानीय उत्पादनलाई प्रबर्द्धन र बजारीकरणका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

२. कृषि उपज तथा पशु बिमाको कार्यक्रम सञ्चालन गरिनेछ ।

३. कृषि क्षेत्रलाई दिगो विकासको आधारको रुपमा लिई यस क्षेत्रलाई अगाडी बढाउनको लागि कृषिको व्यवसायीकरण विविधीकरण एंव विकासको लागि तालिम तथा प्रशिक्षण कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

४. कृषकहरुलाई मल बिउ, विजन तथा औषधी वितरणको व्यवस्था मिलाइनेछ ।

५. कृषिमा आधारित उद्योगहरुको विकासको लागी युवा लक्षित कार्यक्रम संचालन गरी युवाहरुलाई उद्यममा आकर्षित गर्ने कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

६. जलवायु परिर्वतनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण , संवर्द्धन तथा उपयोगमा वृद्धि गर्ने कार्यक्रममा प्राथमिकता गरिने नीति लिइनेछ ।

७ .माछापालन, बाखा पालन , चौरीपालन , भेडापालन , गाईपालन , लोकल कुखुरापालन, टर्की पालन , कालिज पालन  लगायतका अन्य पशु तथा पंक्षीपालन व्यवसायलाई व्यवसायिक रुपमा संचालन गर्न प्रोत्साहित गरिनेछ ।

८. कृषि क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाबीच समन्वय र सहकार्य गर्दै साझेदारीमा कृषिजन्य कार्यक्रमहरु संचालन गरिनेछ ।

९. अगुवा कृषकहरुको लागि नियमित परामर्शको व्यवस्था मिलाइनेछ । गाउँपालिकामा डिजिटल मोवाईल माटो ल्यावको व्यवस्थापन तथा संचालन गरिनेछ ।

१०. एक वडा एक उत्पादन कार्यक्रमलाई विशेष प्राथामिकता दिदै कृषि कार्यक्रमहरु अगाडी बढाइनेछ । किवी पकेट , आलु पकेट लगायतका फलफुल खेतीलाई विशेष प्राथामिकता दिई पकेट क्षेत्रहरुको विकास गरिनेछ ।

११. बेमौषमी तरकारी खेतीका कार्यक्रमहरु संचालनमा ल्याइनेछ । कृषि सहकारीलाई विशेष प्राथामिकता दिई सहकारी मार्फत विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१२. पशु विकासको लागि नश्ल सुधार गरी उन्नत जातको पशु पालन व्यवसायलाई विकास गरिनेछ ।

१३. गाउँपालिकामा विउ , नश्ल , औजार , प्रविधि, उत्पादन , भण्डारण , प्रारम्भिक प्रशोधन र बजारीकरण इकाइको विकास गरिनेछ। कृषि उपजको मुल्य श्रृङखलामा सुचना प्रविधीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१४. गाउँपालिका कृषि प्रोफाइल निर्माण तथा कृषि सूचना प्रणाली कार्यान्वयनमा ल्याई कृषि पेशालाई व्यवसायिकरण गरिनेछ ।

१५. अर्गानिक मुभमेन्टलाई कृषि तथा पशुजन्य उत्पादनसँग आबद्ध गरिनेछ ।

१६. गाउँपालिकामा फलफुल खेतीको सम्भाव्यता अध्ययन गरिनेछ। फलफूल खेती विस्तारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१७. जग्गा बाँझोपनलाई निरुत्साहित गरिनेछ ।

१८. गाउँपालिका स्तरीय दुध चिस्यान केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१९. कृषिलाई व्यवसायिक एवं एकीकृत रुपमा सञ्चालन गर्न सामुदायिक खेती कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

## पर्यटन प्रबर्द्धन तथा साँस्कृतिक संरक्षण

१. गाउँपालिकाको विशेष सम्भावना भएका चंखु -मार्वु-च्छोरोल्पा , खारे -सोथली -च्छोरोल्पा, टासीनाम- सिमीगाउँ -च्छोरोल्पा, मार्वु -छोकुम- च्छोरोल्पा, मार्वु -गोसा- याले हुँदै पाँचखोरी , चेर्दुङ, नादिङ देखि हनुमन्तेसम्म तथा सेराकाप्ती फेदी हुँदै  चेर्दुङ, झाङराली हुँदै चेर्दुङ लगायतका पर्यटकीय पदमार्गहरुको निर्माण तथा स्तरोन्नतीको कार्यलाई अगाडी बढाउन पहल गरिनेछ । दालढुंगा, टासी लाप्चा पास, यलुङ पासको सम्भाव्यता अध्ययन गरिनेछ ।

२. तामाकोशी नदीमा व्यवसायिक रुपमा र्‍याफ्टिङ संचालन गर्नको लागि आउने व्यवसायीहरुलाई प्रोत्साहन गर्न गाउँपालिकाले आवश्यक सहयोग र समन्वय गर्नेछ ।

३. लुआङसा -चिवाजी -गोसा -बर्मुचेडाडाँ -धुपिनी -याले हुदै पाथीभरा च्छोरोल्पा र पर्यटन सडक तथा पदमार्ग  विकास गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

४. स्थानीय भाषा, सँस्कृति, गुम्बा, मठमन्दिर लगायतका धार्मिक स्थल, पोखरी जस्ता सम्पदाहरुको संरक्षण गर्दै पर्यटन प्रबर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ ।

५. गौरीशंकर गाउँपालिकामा स्थायी बसोबास भई विश्वभरका ८ हजार मिटर भन्दा अग्ला हिमशिखर सफल आरोहण गर्ने एबम् विश्व रेकर्ड कायम गर्ने पर्वतारोहीहरुलाई सम्मान

तथा प्रोत्साहन गरिनेछ। साथै परिचित पर्वतारोहीलाई यस पालिकाको पर्यटन प्रबर्द्धन गर्न विशेष दूत घोषणा गरिनेछ।

६. रोल्वालिङ भ्यालीमा खुला रुपमा रहेको चौँरीपालनलाई प्रबर्द्धन गरिनेछ। साथै उक्त स्थानमा रहेको जडीबुटी संरक्षण, Mountain Climbing, Rock Climbing जस्ता कार्यक्रमहरुलाई थप प्रबर्द्धन तथा सम्भाव्यता अध्ययन समेत गरी पर्यटन प्रबर्द्धन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

७. रोल्वालिङ भ्यालीमा हाल नियमित रुपमा भैरहेको हिंसारहित पर्यावरण सँस्कृतिलाई प्रबर्द्धन गरिनेछ।

८. गाउँपालिकालाई रेडपाण्डा जोनको रुपमा विकास गर्दै पर्यावरणीय सन्तुलन सहितको पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ।

९. गाउँपालिकाको विभिन्न स्थानमा पर्यटन आवगमनको सम्भाव्यता अध्ययन गर्दै होम स्टे कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ।

१०. गाउँपालिकाभित्र वन्यजन्तु र मानवबीच हुन सक्ने द्वन्द्वको पहिचान गरी न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

११. टोपाटार देखि निस्दिङसम्मको सडक निर्माण गरी निस्दिङमा बुद्ध पार्क निर्माण, टाकार स्यापलिङ शान्ति पार्क स्तुपा निर्माणका लागि प्रयास गरिनेछ। साथै पालिकाभित्र रहेका सम्पूर्ण गुम्बा तथा मठमन्दिरहरुलाई पर्यटन पूर्वाधार (Land Mark) को रुपमा विकास गरिनेछ।

## सहकारी तथा गरिबी निवारण

१. सहकारीको माध्यमबाट छरिएर रहेको पूँजीलाई एकत्रित गरी सहकारी अभियानलाई थप प्रभावकारी बनाउन सहकारी संस्थाको पदाधिकारी र व्यवस्थापकको क्षमता अभिबृद्धि गरिनेछ।

२. गाउँपालिका स्तरीय सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ।

## श्रम र रोजगार

१. **गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम** गाउँपालिकाभित्र स्थायीरुपमा बसोबास गरी रहेका १८ वर्ष देखि ५९ वर्षभित्रका रोजगार प्राप्त गर्न चाहने सीप, दक्षता, क्षमता, योग्यता र बाध्यता भएका व्यक्तिहरुलाई समाज प्रतिको उत्तरदायित्वको भावना विकास गराउँदै

सामाजिक पूर्वाधार निर्माणमा युवारुहलाई परिचालन गरी विकास निर्माणको कार्य गरिनेछ । उक्त कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि तर्जुमा गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई टेवा पुग्ने गरी पालिकास्तरबाट योजना तर्जुमा गर्ने नीति लिइनेछ ।

३. भूमी समस्या समाधान आयोगसँग सम्झौता भएबमोजिम भूमीहिन व्यक्तिहरुलाई भूमी प्रदान गर्न पहल गरिनेछ ।

**ख) सामाजिक विकास**

**<u>शिक्षा</u>**

१. पालिकास्तरीय परीक्षालाई व्यवस्थित, विश्वसनीय, बैध र मर्यादित बनाउन परीक्षा समिति मार्फत परीक्षा सञ्चालन गरिनेछ । समितिको कार्यमा सहजीकरण गर्न परीक्षा सञ्चालन कोष स्थापना गरिनेछ ।

२. कोभिड १९ लगायत अन्य प्रतिकूल वातावरणको कारण हुने शैक्षिक क्षतीलाई न्यूनिकरण गर्न उपयुक्त बैकल्पिक सिकाई सहजीकरणको व्यवस्था मिलाइनेछ ।

३. कम्तीमा कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

४. बहुकक्षा बहुस्तर विधिबाट शिक्षण भएका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि भएकाले पालिकाभित्र संचालित अन्य विद्यालयहरुमा बहुकक्षा बहुस्तर MGML शैक्षिक प्रणालीलाई विस्तार गरिनेछ ।

५. एक माध्यमिक विद्यालय एक उत्पादन कार्यक्रम लागु गरी कार्यान्वयनमा ल्याइनेछ ।

६. बाल कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाको लागि निशुल्क विद्यालय पोशाकको व्यवस्था मिलाइनेछ ।

७. विद्यालय अनुगमन, निरीक्षण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

८. सबै माध्यमिक र आधारभूत विद्यालयमा विषयगत शिक्षकको व्यवस्था मिलाइनेछ ।

९. शिक्षकको पेशागत विकास गर्न र प्रविधिमैत्री शिक्षक उत्पादन गर्न शिक्षक तालिम सञ्चालन गरिनेछ ।

१०. पालिकाभित्रका उत्कृष्ट अभिभाावक, शिक्षक, विद्यार्थी र विद्यालयलाई उचित सम्मानको कार्यक्रम गरिनेछ । साथै एस.ई.ई. र कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुका लागि बृत्ति विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

११. शिक्षक, विद्यार्थीको प्रतिभा प्रस्फुटन एबं सिर्जनात्मक कलाको विकास गर्न पालिका स्तरीय अतिरिक्त क्रियाकलाप तथा शैक्षिक सामग्री प्रदर्शनी मेला आयोजना गरिनेछ ।

१२. विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच स्थापित गरिनेछ ।

१३. पालिकाभित्रका बालबालिकालाई अनुभव आदानप्रदान, साक्षात्कार र नेतृत्व विकासका लागि **अध्यक्षसँग बालबालिका** कार्यक्रम सञ्चालन गरिनेछ ।
१४. आवशीय र प्राबिधिक विद्यालय निर्माणका लागि आवश्यक पहल गरिनेछ । नमुना विद्यालय निर्माणको नीतिलाई आत्मसात गरिनेछ ।
१५. विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको उचित प्रबन्ध मिलाइनेछ ।
१६. शैक्षिक अनुभव आदानप्रदान तथा असल शैक्षिक अभ्यासको आत्मीकरण गर्नको लागि शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई शैक्षिक भ्रमणको व्यवस्था गरिनेछ ।

## युवा तथा खेलकुद तर्फ

१. यूवाहरुको क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

२. विद्यालयमा खेलकुद शिक्षक तथा खेलाडीहरुलाई सम्बधित खेल तालिमको व्यवस्था गरिनेछ ।

३. पालिका स्तरीय खेलकूद समिति, यूवा क्लब तथा बालक्लबहरुको लागि खेलकुद आयोजना तथा नेतृत्व विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. वडा स्तरीय खेलकुद मैदान निर्माण कार्यक्रम संचालन गरिनेछ ।

५. युवाहरुलाई सीप विकास तालिमको व्यवस्था मिलाइनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. लैंगिक विभेद र लैंगिक हिंसालाई न्यूनीकरण गर्दै लैंगिक समानता कायम गर्नको लागि लक्षित वर्ग उन्मूख कार्यक्रम सञ्चालन गरिनेछ ।

२. महिलाहरुको क्षमता विकासका लागि मागमा आधारित तालिम संचालन गरिनेछ ।

३. गौरीशंकर गाउँपालिका भित्र रहेका अति विपन्न परिवारलाई स्वरोजगार एवम् आयआर्जनको कार्यक्रम मार्फत गरिबी निवारणको नीति लिइने छ । यसका लागि **“विपन्नसँग अध्यक्ष”** कार्यक्रम संचालन गरिनेछ ।

४. यस गौरीशंकर गाउँपालिका क्षेत्र भित्र रहेका अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरि लक्षित समुदायको सशक्तिकरणमा जोड दिइनेछ ।

५. गौरीशंकर गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण महिलाको समग्र विकासका लागि एक परिवार कम्तीमा एक सदस्य रहने गरी गाउँपालिका क्षेत्रभरी प्रत्येक वडामा महिला समूह गठन गरि महिलाको क्षमता विकास, सशक्तिकरण तथा संस्थागत विकास गर्ने नीति लिइने छ ।

६. बालमैत्री गाउँ बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रमहरु सञ्चालन गरी बालमैत्री वडा हुँदै बालमैत्री गाउँपालिका घोषणा गरिनेछ ।

७. आर्थिक जीवनस्तर उकास्नको लागि विभिन्न उद्यमशील कार्यक्रम सञ्चालन गरी स्वरोजगार सृजना गर्ने महिला, दलित, आदिबासी जनजाती, सिमान्तकृत नागरिकहरु समेतलाई लक्षित गरि **"उद्यमीसँग उपाध्यक्ष"** कार्यक्रम सञ्चालन गरिने छ ।

८. यस गाउँपालिका भित्र बसोवास गर्नुहुने ८० वर्ष वा सो भन्दा माथिको उमेर समुहका जेष्ठ नागरिकहरुको सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

९. बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी प्रथा, जातिय छुवाछुत जस्ता अन्य सामाजिक कुरीति, कुप्रथा एवं रुढिवादी परम्पराको अन्त्य गर्न प्रत्येक वडाका बाल क्लव वा विद्यालय स्तरबाट चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. महिला विरुद्ध हुने सबै खालको हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चालन गरी समुदायमा सचेतनामूलक अभियानहरु सञ्चालन गरिनेछ ।

११. जेष्ठ नागरिकसँगको ज्ञान, सीप र अनुभवलाई आत्मीकरण गर्न विभिन्न अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।

१२. स्थानीय महिलाद्धारा सफा घर करेसाबारी मार्फत उत्पादीत कृषि उत्पादन तथा अन्य व्यावसायिक उत्पादन जस्तै सेनीटरी प्याड, मास्क, मुडा लगायतका सामाग्रीको उत्पादनको लागि सिप विकास तथा तालिमको व्यवस्था गर्ने र उत्पादित सामाग्रीलाई बेचविखनको लागि पालिकाले समन्वय गरि स्थानीय तथा केन्द्रीय बजार सम्म पहुँच स्थापित गराउने नीति लिइने छ ।

१३. महिलाहरुको आत्मसम्मान तथा सुरक्षाका लागि आवश्यकता अनुसार आत्मरक्षा सम्वन्धी तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१४. आंसिक रुपमा अशक्त वा विकलाङ्ग भएका व्यक्तिहरुलाई सिप विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

१५. समाजमा हुने छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद लगायतका हिंसाका घटनाहरुको दर्ताका लागि उजुरी दर्ता किताव प्रयोगमा ल्याई त्यस्ता घटनाको न्युनीकरण गर्दै जाने रणनीति लिइने छ ।

१६. महिलाहरुको स्वास्थ्य चेकजाचँका लागि प्रत्येक वडाका ४५ वर्ष वा सो भन्दा माथि उमेर समुहका महिलाको महिला सम्वन्धी विशेषज्ञ डाक्टर द्वारा पाठेघरको मुखको क्यान्सरको चेकजाँच तथा पाठेघर खस्ने समस्या समाधानका लागि निशुल्क शिविर सञ्चालन गरिनेछ ।

१७. आमाबाबु विहिन बालबालिकाको लागि सहायताको आवश्यक व्यवस्था मिलाइनेछ ।

## स्वास्थ्य तथा पोषण

१. महिला स्वास्थ्य स्वयम् सेविकाको मासिक बैठकमा आउँदा वार्षिक रु.५०००।- को दरले यातायात रकम उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. स्वास्थ्य संस्थामा पाईने निशुल्क तथा अत्यावश्यक औषधीलाई वर्षभरी नै सहज रुपमा उपलब्ध हुने गरी व्यवस्थापन गरिनेछ ।

४. जेष्ठ नागरिकको उच्च सम्मान गर्दै जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम लागू गरी अत्यावश्यक औषधी तथा उपचारको व्यवस्थापन गरिनेछ ।

५. सम्पूर्ण नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै वर्षमा १ पटक प्रत्येक वडामा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

६. सुरी प्राथमिक स्वास्थ्य केन्द्रको प्रयोगशालालाई व्यवस्थित तथा समयसापेक्ष हिसाबले सञ्चालन गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

७. सुरी प्राथमिक स्वास्थ्य केन्द्र लगायत पालिका भित्रका सम्पूर्ण वर्थिङ्ग सेन्टरहरुमा गर्भवती महिलाको स्वास्थ्य चेकजाँच गर्न अल्ट्रासाउन्ड (USG) मेसिनको व्यवस्थापन गरी आवश्यक जनशक्तिलाई सो सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ ।

८. कोरोना भाईरसको तेस्रो लहरलाई मध्यनजर गर्दै सम्पूर्ण स्वास्थ्य संस्थामा बालबालिकालाई संक्रमणबाट जोगाउन आवश्यक पर्ने उपकरण तथा वेडको व्यवस्थापन गरिनेछ ।

९. पालिकास्तरका नागरिकलाई कोभिड १९ को संक्रमणबाट जोगाउन हाल ७ बेडको आइसोलेसन वार्ड तयारी अवस्थामा रहेको हुँदा उक्त आईसोलेसनलाई १५ बेडको आइसोलेसनमा स्तरोन्नती गरिनेछ ।

१०. कोभिड १९ चेकजाँचको लागि आवश्यक पर्ने Antigen, VTM Kit को मौज्दातको व्यवस्थापन गरिनेछ ।

११. सम्पूर्ण स्वास्थ्य संस्थामा कम्तीमा ३ वटा अक्सिजन सिलिण्डर सहितको पूर्वाधार व्यवस्थापन गरिनेछ ।

१२. गर्भवती तथा सुत्केरी आमाको पोषण अवस्थालाई मध्यनजर गर्दै सुनौला १००० दिन पोषण कार्यक्रम लागू गरिनेछ ।

१३. विद्यालय स्वास्थ्य कार्यक्रम लागू गरी सम्पूर्ण विद्यालयमा WASH कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सम्पूर्ण स्वास्थ्य संस्थामा Nutrition Corner स्थापना गरी पोषण सम्बन्धी जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. सुरी प्राथमिक स्वास्थ्य केन्द्रमा नागरिक स्वास्थ्य विमा अन्तर्गत औषधी पसल सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

१६. ७० वर्ष भन्दा माथिका बृद्ध तथा  गर्भवती, सुत्केरी, एकल महिला, अपाङ्ग, असाहयलाई एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।

१७. कोरोना भाइरसले उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै आवश्यक राहत व्यवस्थापन गरिनेछ ।

१८. कोरोना रोकथाम, उपचार तथा नियन्त्रणका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

१९. सुत्केरी भेटघाट कार्यक्रमलाई नियमित गरी सुत्केरी महिलालाई गाउँपालिका **उपाध्यक्ष उपहार कार्यक्रम** सञ्चालन गरिनेछ ।

२०. गाउँपालिकाभित्र एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिँदै नागरिकलाई स्वच्छ खानेपानीमा पहुँच स्थापित गर्न  एक वडा एक खानेपानी परीक्षण किट वितरण गरिने व्यवस्था मिलाइनेछ ।

२१ . सबै नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गर्न स्वास्थ्य बिमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

## ग) पूर्वाधार विकास

**पूर्वाधार निर्माण, योजना अनुगमन तथा मूल्यांकन**

१. गाउँपालिकाभित्र नयाँ सडक ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भएका सडकको स्तरोन्नतीमा जोड दिइनेछ ।

२. नेपाल सरकारको नीति अनुरुप गाउँपालिकाभित्र रहेका सडकलाई क, ख, ग, घ बर्गमा विभाजन गर्ने कार्यको थालनी गर्दै मूल सडक ६ देखि १० मिटर र शाखा सडक कम्तीमा ४ मिटर चौडा गर्ने कार्य थालनी गरिनेछ ।

३. भौतिक पूर्वाधार खडा गर्दा महिला, बालबालिका, अपाङ्ग र वातावरणमैत्री संरचनामा जोड दिइनेछ ।

४. सडक यातायात गुरुयोजना तथा जोखिम संवेदनशील भु-उपयोग योजना तर्जुमा गरी भौतिक पूर्वाधारमा सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

५. निर्माण भैसकेका सडकको नियमित मर्मत संभारको लागि मर्मत संभार कोषको स्थापना गरिनेछ ।

६. जुनसुकै आयोजनाको सुरु अवस्था, निर्माण चरणको अवस्था र निर्माण भैसकेपछिको स्पष्ट अवस्था झल्किने तस्वीर र योजनाबाट लाभ लिने लाभग्राहीको उपस्थितिमा भएको योजनाको सार्वजनिक परीक्षण प्रतिवेदन (Public Audit Report) लाई भुक्तानीको अभिन्न अंग मानी त्यसको आधारमा भुक्तानी दिइनेछ ।

७. एकीकृत बार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८. गाउँपालिकाको नक्सापास कार्यविधिलाई कार्यान्वयन गर्दै नक्सा पास गर्ने कार्यको थालनी गरिनेछ । भवन निर्माण आचारसंहिता तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. गाउँपालिकाको पक्की प्रशासकीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ । आगामी आ.ब. सबै वडाहरुले आफ्नै पक्की भवनबाट सेवा प्रवाह गर्ने गरी भवन निर्माण सम्पन्न गरिनेछ ।

१०. वडा स्तरमा हुने विकास निर्माण कार्यलाई प्रभावकारी तथा दिगो बनाउन प्रत्येक टोलमा टोल विकास समिति गठन तथा संचालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । टोल विकास समितिलाई प्रमाणपत्रको व्यवस्था गरी आधिकारिकता प्रदान गरिनेछ ।

११. योजना भुक्तानी प्रणालीलाई सरलीकरण गर्न आगामी आ.ब. २०७८/७९ बाट **उपभोक्ता समिति योजना पुस्तिका** कार्यान्वयनमा ल्याइनेछ ।

१२. उपभोक्ता समितिलाई जिम्मेवार बनाउन स्थायी लेखा नम्बर (PAN) दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

१३. योजना सम्झौता र कार्यान्वयनलाई सहज बनाउन योजना घुम्ती शिविरलाई निरन्तरता दिइनेछ । योजना कार्यान्वयन गर्नुअघि उपभोक्ता समितिलाई अभिमुखीकरणको व्यवस्था गरिनेछ ।

१४. योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन ठूला आयोजनाहरुको तेस्रो पक्ष अनुगमन (Third Party Monitoring) को सुरुवात गरिनेछ ।

१५. गाउँपालिकाभित्र निर्माण भएका सडक, खानेपानी, भवन लगायत पूर्वाधारको एकीकृत अभिलेख खडा गरिनेछ ।

१६. गाउँपालिकामा हुने पूर्वाधार विकासको गुणस्तरीयता सुनिश्चित गर्न निर्माण सामग्रीको गुणस्तर मापन प्रयोगशाला निर्माण गरिनेछ ।

१७. पालिकाभित्रका बजारउन्मुख स्थानहरुको पहिचान गरी त्यस क्षेत्रमा सडक स्तरोन्नतिका साथै सडक सोलार लाइटको व्यवस्था गर्ने नीति लिइनेछ ।

१८. एक वडा एक हेलिप्याड कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. शान्ति पार्क, चिल्ड्रेन पार्क, औद्योगिक ग्राम निर्माणको नीतिलाई आत्मसात गरिनेछ ।

२०. भोर्ले पूल देखि गाउँ कार्यपालिका कार्यालयसम्मको सडकलाई कालोपत्रे गर्न सङ्घीय र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

२१. गाउँपालिकाभित्र आवश्यकताको पहिचान भएको तथा सम्भाव्यता अध्ययन भएको स्थानमा पूल निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

२२. जुँगु-झ्याँकु-सुरी-चंखु-मार्बु र खारेसम्म जोड्ने सडकलाई गाउँपालिका स्तरीय रणनीतिक सडकको रुपमा विकास गरिनेछ ।

२३. गाउँपालिकाका विभिन्न स्थानमा मठ मन्दिर, चैत्य, गुम्बा लयातका साँस्कृतिक पूर्वाधार निर्माणको नीति लिइनेछ ।

२४. रामदाम, पाम्लाखा, च्छोरोल्पा सुरुङमार्गको निर्माणको सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ ।

२५. टोपाटार-सोथली, हनेपू -छाहरे, जगत-सिमीगाउँ-बेदिङ-ना गाउँ सम्मको केबुलकार सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ ।

२६. भोर्ले, गुरुम्फी, मार्बु, सिक्पाश्वर लगायतका सडकहरुको सम्भाव्यता अध्ययन गर्न आवश्यक प्रयास गरिनेछ ।

२७. यस पालिकाको वडा नं.९ मा सडकको पहुँच पुऱ्याइनेछ ।

## जल विद्युत तथा उर्जा तथा सिंचाई

१. गाउँपालिकाले आफनो गाउँपालिका भित्र रहेका जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्दै गाउँपालिकाले लघु जलविद्युत उत्पादनमा प्राथमिकता दिई जनताको लगानी समेत सुनिश्चित गरिनेछ । लघु जलविद्युत  आयोजनाबाट उत्पादित विद्युतलाई राष्ट्रिय प्रशारण लाईनमा आबद्ध गर्न प्रोत्साहित गरिनेछ ।

२. नेपाल विद्युत प्राधिकरणसंग आवश्यक समन्वय र सहकार्य गरि गाउँपालिकाको सम्पुर्ण वडाहरुमा केन्द्रीय प्रसारण लाइन विस्तार गरिनेछ ।

३. लघु तथा साना सिचाँई कार्यक्रमलाई विशेष प्रथामिकता  दिदै सम्पुर्ण कृषियोग्य भुमिमा सिचाँई पुऱ्याउने उदेश्यका साथ कार्यक्रम अगाडी बढाईनेछ ।

४. गाउँपालिकाभित्र एक मेगावाट भन्दा साना हाइड्रोहरु निर्माणको लागि प्रोत्साहनको नीति लिइनेछ ।

५. गौरीशंकर गाउँपालिकाभित्र कार्यक्षेत्र भई संचालित हाइड्रोपावरहरुबाट उत्पादित विद्युतलाई सम्भव भएसम्म एउटै प्रशारण लाईन मार्फत वितरण केन्द्र सम्म पुऱ्याउने नीति लिइनेछ।

## घ) वातावरण तथा विपद व्यवस्थापन

१. विपद व्यवस्थापनको पूर्वतयारी, राहत, उद्धार तथा पुर्नस्थापनाको लागि कोष व्यवस्थापन तथा विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गरिनेछ ।

२. पुनर्निमाण प्राधिकरणको लाभग्राही सूचीमा नपरेका अतिविपन्न भुकम्प पीडित नागरिकलाई निजी आवास निर्माणका लागि सहायता प्रदान गरिनेछ ।

३. वातावरणीय सन्तुलन सहितको गौरीशंकर गाउँपालिका निर्माणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. स्थानीय स्तरमा पाईने जडिबुटि तथा बनस्पतिहरुको संरक्षण संवर्द्धन गर्दै यसलाई स्थानीय स्तरको आन्तरिक आम्दानी बढाउने तर्फ लक्षित गरि कार्यक्रम ल्याइने छ ।

५. वातावरण संरक्षण ऐनको प्रभावकारी कार्यान्वयन तथा वातावरणीय सन्तुलन, संरक्षण तथा पर्या-पर्यटनको सुरुवात गरिनेछ ।

६. वातावरणमैत्री पूर्वाधार निर्माणलाई जोड दिइनेछ ।

७. भुक्षय तथा भुस्खलन नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. बन संरक्षणका लागि सामुदायिक तथा कबुलियति बन विकास कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

९ गौरीशंकर संरक्षण क्षेत्रको समन्वय तथा प्राबिधिक सहयोगमा यस पालिकाको वडा नं.५ देखि वडा नं. ९ सम्मको क्षेत्रमा Open Zoo निर्माणको नीति लिइनेछ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

### स्रोत परिचालन

१. राजश्वको स्रोत, दर र दायराको सम्बन्धमा सम्भाव्यता अध्ययन गरी आन्तरिक आय सङ्कलनलाई थप व्यवस्थित बनाईनेछ ।

२. गाउँपालिकाभित्र व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई व्यवसाय दर्ताको लागि प्रोत्साहित गर्दै व्यवसाय करको दायरामा आबद्ध गरिनेछ ।

३. गाउँपालिकाको स्वामित्वमा रहेका मेसिन उपकरणहरुको प्रयोग तथा परिचालनलाई व्यवस्थित गरिनेछ ।

४. चालु आ.ब. मा गाउँपालिकाले असुल गरेको कर, सिफारिस शुल्कलाई आगामी आ.ब. मा समेत नियमित गरिनेछ ।

### शासकीय प्रवन्ध र सेवा प्रवाह

१. गाउँपालिकाको हरेक कामलाई पारदर्शी र जवाफदेही बनाउन खर्च सार्वजनिकरण, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणलाई अभिबृद्धि गरिनेछ ।

२. चौमासिक प्रगति प्रतिवेदन र बार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ ।

३. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम संचालन गरिनेछ ।

४. कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।

५. शाखा प्रमुखहरुलाई आफ्नो शाखाको काम प्रति जिम्मेवार तुल्याई काममा सिघ्रता ल्याउन प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्यसम्पादन करार गरिनेछ । साथै प्रत्येक पदको कार्यविवरण तयार गरी लागू गरिनेछ ।

६. दिगो विकास लक्ष्यले राखेका सूचकका आधारमा योजना तर्जुमा गरिनेछ ।

७. गैरसरकारी संस्थासँगको साझेदारीमा पूर्वाधार निर्माण तथा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सार्वजनिक खरिद प्रक्रियालाई बस्तुनिष्ठ र प्रतिष्पर्धात्मक बनाउन खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने कार्यको सुरुवात गरिनेछ ।

१०. व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन ३५ दिनभित्र जन्म र मृत्यु दर्ता गराउनेलाई नगद प्रोत्साहनको  व्यवस्था मिलाइनेछ ।

११. खोप, भिटामिन वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धी सेवा, व्यक्तिगत घटना दर्ता, जेष्ठ नागरिक परिचयपत्र, अपांग परिचय पत्र लगायतका सेवा प्रवाहका लागि एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१२. महिला, दलित, अपाङ्गता भएका व्यक्तिलाई उपभोक्ता समितिमा अध्यक्ष/संयोजक राखी समिति गठन गर्न प्रोत्साहित गरिनेछ ।

१३. गाउँपालिकालाई कार्य क्षेत्र बनाई संचालन गरिरहेका निर्माण कम्पनि जलविद्युत कम्पनि तथा अन्य सरकारी तथा गैह्रसरकारी सघंसस्थासगँ प्रत्येक चार महिनामा कम्तिमा समन्यव बैठक बस्ने नीति लिइनेछ ।

१४. हाल सम्म भए गरेको कार्यहरुलाई समेटी गौरीशंकर विकास बुलेटिन तथा डकुमेन्ट्री तर्जुमा गरी प्रकाशन तथा  प्रशारण गरिनेछ ।

१५. गाउँपालिकाको गतिविधिलाई प्रचारप्रसार गर्न तथा चौमासिक प्रतिवेदन सार्वजनिक गर्न सञ्चारकर्मीसँग आवश्यक समन्वयको नीति लिइनेछ ।

१६. छिमेकी पालिकाहरुसँगको समन्वय र सहकार्यमा साझा लाभ हुने योजनाहरु साझेदारीमा सञ्चालन  गरिनेछ ।

१७. गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग संघसँग आवश्यक समन्वय तथा निजी क्षेत्रको प्रत्यक्ष संलग्नतामा सामाजिक तथा आर्थिक विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. गाउँपालिकाको समग्र विकासलाई संस्थागत तथा प्रणालीगत रुपमा सञ्चालन गर्नको लागि आवधिक योजना, भिलेज प्रोफाइल, स्रोत नक्साङ्कन तर्जुमा गरिनेछ ।

१९. गाउँपालिकाभित्र शान्ति तथा अमनचयन कायम गर्न सुरक्षाकर्मीहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

**कानुन, न्याय निरुपण तथा मेलमिलाप**

१.नेपालको संविधानले स्थानिय तहको अधिकार अन्तगर्त अनुसुचीमा व्यवस्था गरेका विषयसँग निर्माण गर्नपर्ने कानुनहरुको तर्जुमा गरिनेछ ।

२. न्याय सम्पादन कार्यमा सबै नागरिकको पहुँच स्थापित गरी पूर्वानुमानयोग्य न्याय निरुपण गरिनेछ ।

३. मेलमिलाप केन्द्रको संस्थागत सुदृढिकरण गर्दै न्यायिक समिति सदस्य तथा मेलमिलापकर्ताको क्षमता अभिबृद्धि गरिनेछ ।

४. सुचीकृत मेलमिलापकर्ताहरुलाई सम्बन्धित कार्यक्षेत्रमा मेलमिलापको कार्य गराए वापत प्रोत्साहन स्वरुप आर्थिक सहायता उपलब्ध गराइने नीति लिइनेछ ।

५. न्यायिक समितिमा आवश्यक कर्मचारी व्यवस्थापनको लागि नीति लिइनेछ ।

६.वडा तथा पालिका स्तरमा कानुनी सचेतिकरण कार्यक्रम संचानल गरिने नीति लिइनेछ ।

**सुचना प्रविधी तथा सञ्चार**

१. स्थायी संरचना भएका वडा कार्यालयमा सिसिटिभि जडान तथा सुचना प्रविधिको पहुँच पुऱ्याइनेछ ।

२. गाउँ कार्यपालिकाको कार्यलाई व्यवस्थित, छिटो, छरितो बनाउन एवं Paper Less प्रबिधि अवलम्बन गर्न अफिस अटोमेसन लगायतका ICT लाई प्रबर्द्धन हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

३. पालिकाभरीका सम्पूर्ण विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरुमा सूचना प्रविधिको पहुँच स्थापित गरिनेछ ।

४. गाउँपालिका र मातहतका कार्यालयमा विद्युतीय हाजिरी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

गौरीशंकर गाउँपालिकाको समग्र विकासका लागि यो नीति तथा कार्यक्रम कोसे ढुङगा सावित हुने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनमा गाउँपालिकालाई सवै क्षेत्रबाट सहयोग हुने विश्वास लिएको छु। अन्तमा गाउँपलिकाको समग्र विकासमा महत्वपुर्ण योगदान पुर्‍याउनुहुने संघीय सरकारका पूर्वमन्त्री माननीय पार्वत गुरुङज्यू, बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय सरस्वती बस्नेतज्यू, बागमती प्रदेश सभा सदस्य माननीय विशाल खड्काज्यू, प्रदेश योजना आयोगका कार्यवाहक उपाध्यक्ष श्याम बस्नेतज्यू लगायत विभिन्न राजनैतिक दल, गाउँपालिका अर्न्तगतका सम्पूर्ण कर्मचारी , सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु, नागरिक समाज, आम संचार माध्यमहरु तथा सम्पूर्ण गौरीशंकर गाउँपालिकाबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यहाँहरुले गाउँपालिकाको समग्र विकासको लागि गर्नुभएको पहल र सहकार्यको कदर गर्दै वातावरणीय सन्तुलन सहितको सम्वृद्ध गौरीशंकर गाउँपालिका निर्माणको अभियानमा यहाँहरुको सहयोग हुने अपेक्षा सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यबाद**

**प्रस्तुत गर्ने**

**उर्मिला थामी (केसी)**

**उपाध्यक्ष**

**मिति :२०७८/०३/१०**